## कार्यपालिका वैठक नं. १ आ.व.२०८२- ०८३ (२०८२/०४/११)

आज मिति २०८२/०४/११ गतेका दिन बिहान ८: ०० बजेको समयमा आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष श्री शुक्र चुमानज्युको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसियो ।

### उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | शुक्र चुमान | |
| २ | उपाध्यक्ष | दुर्गा अर्याल | |
| ३ | सदस्य | प्रेम बहादुर गुरुङ | |
| ४ | सदस्य | आस बहादुर गुरुङ | |
| ५ | सदस्य | दिनेश के.सी. | |
| ६ | सदस्य | मिलन भुजेल | |
| ७ | सदस्य | सन्तोष गुरुङ | |
| ८ | सदस्य | दिलिप गुरुङ | |
| ९ | सदस्य | बसुन्धरा गौली | वसुन्धरा |
| १० | सदस्य | सम्झना सुनार | |
| ११ | सदस्य | शुशिला नेपाली | |
| १२ | सदस्य | सुन कुमारी गुरुङ | |
| १३ | सदस्य | गंगा वि.क. | |
| १४ | सदस्य | भुगोल वि.क. | |
| १५ | सदस्य सचिव | बुद्धिराम बस्नेत | |
| १६ | लेखाप्रमुख | विमल प्रसाद पौडेल | |
| १७ | प्रशा. सहायक | अपेक्षा [illegible] चुमान | |

१८. का. सहयोगी विमला ढकाल

## कार्यपालिका वैठक नं. १ आ.व.२०८२- ०८३ (२०८२/०४/११) का प्रस्तावहरु

१. समिक्षा सम्वन्धमा ।

२. कर्मचारी व्यवस्थापन तथा जिम्मेवारी सम्वन्धमा ।

३. भुमी सम्वन्धी समस्या समाधानका लागि नदी, खोला र खोल्साको मापदण्ड मिर्धारण सम्वन्धमा ।

४. गाउँपालिकामा रहेका जग्गाहरुको क्षेत्र निर्धारण सम्वन्धमा ।

५. सडक तथा गोरेटोबाटोको मापदण्ड निर्धारण सम्वन्धमा ।

६. प्रमाणित सम्वन्धमा ।

७. मनोसामाजिक परामर्शदाता, रिटर्नी स्वयंसेवक जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

८. दहत्तर बहत्तर चोरी निकासी नियन्त्रण सम्वन्धमा ।

९. अनुगमन, निरीक्षण सम्वन्धमा ।

१०. कार्यविधि स्वीकृत, संशोधन गर्ने सम्वन्धमा ।

११. विपन्न आवास कार्यक्रम सम्वन्धमा ।

१२. विविध सम्वन्धमा ।

Scanned with CamScanner

## कार्यपालिका बैठक नं. १ आ.व.२०८२- ०८३ (२०८२/०४/११) का निर्णयहरु

**निर्णय नं. १. समिक्षा सम्बन्धमा ।**

क) अघिल्लो कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो ।

ख) यस आँबुखैरेनी गाउँपालिका अन्तर्गत वडा कार्यालयहरु, शाखाहरु,आँबुखैरेनी अस्पताल, स्वास्थ्य संस्थाहरुबाट पेश हुन आएको असार महिनाको प्रगति प्रतिवेदनहरुउपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ग) प्रमुख प्रशासकिय अधिकृतले पेश गर्नुभएको कार्यालयको असार महिनाको आम्दानी खर्च प्रतिवेदन (सुत्र अनुसार) उपर छलफल गरि गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

घ) आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, आँबुखैरेनी अस्पताल तथा पालिका मातहतका कार्यालयहरुबाट सम्पादन भएका योजना तथा कार्यक्रम र सेवाप्रवाह सम्बन्धमा वार्षिक प्रगति समिक्षा कार्यक्रम यहि महिनाको २७ गतेका दिन गाउँपालिका सभाहलमा सम्पन्न गर्ने र उक्त वार्षिक समिक्षा प्रतिवेदन गाउँपालिकाको वेभसाइट र प्रवक्तामार्फत सार्वजनिक गर्ने निर्णय गरियो ।

ङ) आर्थिक वर्ष २०८१/०८२ मा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, तथा पालिका मातहतका कार्यालयहरुबाट सम्पादन भएका योजना तथा कार्यक्रम तथा सेवाप्रवाह सम्बन्धमा छलफल तथा समिक्षा गरी सेवा प्रवाहलाई थप व्यवस्थित, सर्वसुलभ तथा कानुनसम्वत बनाउनको लागि तपशिल बमोजिमका कार्यहरु गर्ने निर्णय गरीयो ।

तपशिल :

- गाउँकार्यपालिकाको कार्यालय तथा मातहतका अन्य कार्यालयहरुमा इ-हाजिरीलाई अनिवार्य गर्ने र सोहि हाजिरी प्रतिवेदन पश्चात मात्र पारिश्रमिक भुक्तानी गर्ने निर्णय गरियो ।
- आर्थिक वर्ष ०८२/८३ को स्वीकृत योजना तथा कार्यक्रमहरुलाई समयमै व्यवस्थित रुपमा सम्पन्न गर्नको लागि गाउँकार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरु र अन्य मातहतका कार्यालयहरुले कार्ययोजना निर्माण गरि कार्यान्वयन गर्ने/गराउने निर्णय गरियो ।
- योजना कार्यक्रमहरुलाई थप व्यवस्थित रुपमा सम्पन्न गर्नको लागि सम्बन्धित संघ/सँस्थाहरु, निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुलाई योजना कार्यान्वयन सम्बन्धी सचेतनामुलक तालिम श्रावण महिना भित्र सञ्चालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २ : कर्मचारी व्यवस्थापन तथा जिम्मेवारी सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकाको कार्यालयमा कार्यरत अधिकृत स्तर छैटौं तहका कर्मचारीहरुलाई पनि वडा सचिवको जिम्मेवारी दिने निर्णय गरियो ।

सोहिअनुसार तपशिल बमोजिमका कर्मचारीहरुलाई तपशिल बमोजिमको वडाको वडा सचिवको जिम्मेवारी दिने निर्णय गरियो ।

तपशिल :

| क्र.सं. | कर्मचारीको नामथर | हालको पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | वर्षा के.सि. | अधिकृतस्तर छैटौं | वडा सचिव, वडा नं.१, आँबुखैरेनी गा.पा.तनहुँ । |
| २ | बालकृष्ण शर्मा | अधिकृतस्तर छैटौं | वडा सचिव, वडा नं.२, आँबुखैरेनी गा.पा.तनहुँ । |
| ३ | उमाकान्त पौडेल | अधिकृतस्तर छैटौं | वडा सचिव, वडा नं.६, आँबुखैरेनी गा.पा.तनहुँ । |

**निर्णय नं.३ : भुमी सम्बन्धी समस्या समाधानका लागि नदि, खोला र खोल्साको मापदण्ड निर्धारण सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकामा भुमी सम्बन्धी समस्या समाधानका लागि तपशिल बमोजिम नदि, खोला र खोल्साको मापदण्ड निर्धारण गर्ने निर्णय गरियो ।

**तपशिल :**

Scanned with CamScanner

| क्र.सं. | नदीको नाम/विवरण | मापदण्ड |
|---|---|---|
| १. | मर्स्याङ्दी, सेती, त्रिशुली नदी १ देखि ६ नं. वडा सम्म को | उच्चतम बाढीको सतहदेखि ३० मिटर |
| २. | आँधिखोला वडा नं.१, | उच्चतम बाढीको सतहदेखि १५ मिटर |
| ३. | खुदि खोला, वडा नं. १ | उच्चतम बाढीको सतहदेखि ५ मिटर |
| ४. | मुस्टे खोल्सी, वडा नं. १ | उच्चतम बाढीको सतहदेखि ३ मिटर |
| ५. | मार्किचोकको खोला, वडा नं.२ | उच्चतम बाढीको सतहदेखि १० मिटर |
| ६. | खहरेखोला (सिमेन्टफ्याक्ट्री नजिक), वडा नं.२ | उच्चतम बाढीको सतहदेखि १० मिटर |
| ७. | खहरेखोल्सी, वडा नं.२ र ३ भएर बग्ने | उच्चतम बाढीको सतहदेखि ३ मिटर |
| ८. | सेती खोल्सि वडा नं. २ बसपार्क नजिक | उच्चतम बाढीको सतहदेखि १० मिटर |
| ९. | ऐनापहरा खोला वडा नं. २ र ४ को सिमाना | उच्चतम बाढीको सतहदेखि १० मिटर |
| १०. | रुवा खोला (पावरहावस) वडा नं.४ | उच्चतम बाढीको सतहदेखि १० मिटर |
| ११. | वेनीटार खोला, वडा नं.४ | उच्चतम बाढीको सतहदेखि १० मिटर |
| १२. | खहरे खोला, वडा नं. ५ र अँधेरीखोला वडा नं.४ र ५ को सिमाना | उच्चतम बाढीको सतहदेखि १० मिटर |
| १३. | नेवाखोल्सि, वरालुङवेशी, वडा नं. ५ | उच्चतम बाढीको सतहदेखि १० मिटर |
| १४. | जोरिखोला, वडा नं.५ | उच्चतम बाढीको सतहदेखि १० मिटर |
| १५. | लाव्दी खोला (घुमाउने) वडा नं. ६ | उच्चतम बाढीको सतहदेखि १० मिटर |
| १६. | प्यूघरको खोल्सी, वडा नं.६ | उच्चतम बाढीको सतहदेखि १० मिटर |
| १७. | भुतखोला, वडा नं. ६ | उच्चतम बाढीको सतहदेखि १० मिटर |

**निर्णय नं. ४ : गाउँपालिकामा रहेका जग्गाहरुको क्षेत्र निर्धारण सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका क्षेत्र भित्र रहेका जग्गाहरुलाई तपशिल बमोजिम क्षेत्र निर्धारण गर्ने निर्णय गरियो ।

तपशिल :

- ग्रामिण क्षेत्र
- सहरउन्मुख क्षेत्र
- सहरी क्षेत्र
- गाउँपालिकाको केन्द्र
- माथि उल्लेखित क्षेत्रमध्ये आँबुखैरेनी गाउँपालिका चोक देखि ट्राफिक कार्यालय सम्म साथै आँबुखैरेनी चोक देखि गोरखा पुल सम्म सडकको विच भाग देखि ५०० मिटर दायाँ बायाँ सहर उन्मुख क्षेत्र र बाँकी सबै आँबुखैरेनी गाउँपालिका अर्न्तगत पर्ने सम्पुर्ण भुभाग (जग्गा) ग्रामिण क्षेत्र ।

Scanned with CamScanner

**निर्णय नं. ५ : सडक तथा गोरेटोबाटोको मापदण्ड निर्धारण सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिकामा भुमी सम्वन्धी समस्या समाधानका लागि तपशिल वमोजिम सडक तथा गोरेटो बाटोहरुको मापदण्ड निर्धारण गर्ने निर्णय गरियो ।

| S.N. | Name of the Road | Length of the Road (km) | Proposed Right of Way, RoW (m) | Set Back (m) |
|---|---|---|---|---|
| 1 | Aandhimul- Bhujelgaun (Aandhikhola) Road | 1.5 | 6 | 1.5 |
| 2 | Bageridhap- Pragya Sahid Marga | 1.5 | 6 | 1.5 |
| 3 | Jhlunge Pul Jodne Road | 0.6 | 6 | 1.5 |
| 4 | Pauwakhola Gaun Road | 3.5 | 6 | 1.5 |
| 5 | Eklephat- Patenikot Gramin Agriculture Road | 8 | 6 | 1.5 |
| 6 | Baspark- Liutpakha- Aduwakharka Road | 3.6 | 6 | 1.5 |
| 7 | Aabu Gaun- Ghukrinkharka Road | 3.3 | 6 | 1.5 |
| 8 | Eklephat Ring Road | 3.5 | 6 | 1.5 |
| 9 | Tilabari Ring Road | 3 | 6 | 1.5 |
| 10 | Khanikhola- Dhakaltar Road | 2 | 6 | 1.5 |
| 11 | MarkoChowk- Rangasala (Stadium) Road | 1.5 | 6 | 1.5 |
| 12 | Cement Factory Road | 1 | 6 | 1.5 |
| 13 | Prithibi Highway (Petrol Pump)- Paani Ghatta Road | 1 | 6 | 1.5 |
| 14 | Ga.Pa. Chowk- Yangkot Road | 1 | 6 | 1.5 |
| 15 | Jyamisara- Kotgau-Kapungkhola Road | 5 | 6 | 1.5 |
| 16 | Piple Tole- Kandel Ghat Road | 3 | 6 | 1.5 |
| 17 | Khatri Gaun- Petrol Pump (Highway) Road | 2 | 6 | 1.5 |
| 18 | Highway- Andheri Khola (Newa Guthi) Road | 0.5 | 6 | 1.5 |
| 19 | Benitar- Sirubari- Loprang Road | 4 | 6 | 1.5 |
| 20 | Aamdanda Besi- Khasrang Gaun Road | 9 | 6 | 1.5 |
| 21 | Saakhar- Gyangsing Road | 6 | 6 | 1.5 |
| 22 | Aamdanda Besi- Aamdanda Gaun Road | 9 | 6 | 1.5 |
| 23 | Hardi Khola- Duwa- Beldanda- Loprak Road | 10 | 6 | 1.5 |
| 24 | Bhange- Gyangsing Road | 5.5 | 6 | 1.5 |
| 25 | Saakhar Road | 2 | 6 | 1.5 |
| 26 | Khaanibhitta- Bhangre Road | 6 | 6 | 1.5 |
| 27 | Benitar- Ghyangsing Road | 8 | 6 | 1.5 |
| 28 | Puljip- Aamdanda Khahare Khola Road | 3.4 | 6 | 1.5 |
| 29 | Laabdi Ghumaune Road | 14 | 6 | 1.5 |
| 30 | Bhukundi -Baralung- Besi Road | 9 | 6 | 1.5 |
| 31 | Laabdi - Barge Road | 5 | 6 | 1.5 |
| 32 | Dandagaun- Kholagaun- Khasrang Road | 3 | 6 | 1.5 |
| 33 | Bhukundi -Kheusi Road | 4 | 6 | 1.5 |
| 34 | Baralung- Khaltepani Road | 4 | 6 | 1.5 |
| 35 | Lestarkhidi Road (Lestar- Thoteswara-Baralung Besi Road) | 5 | 6 | 1.5 |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| 36 | Majhuwa- Beldanda Road | 3 | 6 | 1.5 |
| 37 | Keurani- Sinarkhola-Kulmun Road | 5.5 | 6 | 1.5 |
| 38 | Jyamire- Kulmun- Kalmuteswara Road | 4.4 | 6 | 1.5 |
| 39 | Laabdi- Dihikhet Road | 5 | 6 | 1.5 |
| 40 | Purlung- Syaklukhola Road | 3 | 6 | 1.5 |
| 41 | All paths under Aabukhaireni Rural Municipality will be 2 meters wide. | | | |

| S.N. | Name of the Road | Length of the Road (km) | Proposed Right of Way, RoW (m) |
|---|---|---|---|
| 1 | Baradi-Giranchaur-Chhimkeshowri- Hilekharka Road | 9.6 | 7 |
| 2 | Satrasaya- Aandhimul- Yangchowk- Bhangari Road | 5 | 7 |
| 3 | Yangchowk- Ranigaun- Kolyat Road | 2 | 7 |
| 4 | Aandhimul- Bhujelgaun (Aandhikhola) Road | 1.5 | 6 |
| 5 | Bageridhap- Pragya Sahid Marga | 1.5 | 6 |
| 6 | Satrasaya Ring Road - Jogitar Road | 2.8 | 8 |
| 7 | Satrasaya- Deauralitar- Marsyagdi Bridge (Gorkha Connecting Road) | 1 | 8 |
| 8 | Jhlunge Pul Jodne Road | 0.6 | 6 |
| 9 | Eklephat Ring Road | 1 | 8 |
| 10 | MarkoChowk- Nayagaun-Dumrikharka- Lekharka-Chhimkeshowri Road | 6 | 7 |
| 11 | Pauwakhola Gaun Road | 3.5 | 6 |
| 12 | Eklephat- Patenikot Gramin Agriculture Road | 8 | 6 |
| 13 | Baspark- Liutpakha- Aduwakharka Road | 3.6 | 6 |
| 14 | Aabu Gaun- Ghukrinkharka Road | 3.3 | 6 |
| 15 | Eklephat Ring Road | 3.5 | 6 |
| 16 | Tilabari Ring Road | 3 | 6 |
| 17 | Khanikhola- Dhakaltar Road | 2 | 6 |
| 18 | MarkoChowk- Rangasala (Stadium) Road | 1.5 | 6 |
| 19 | Cement Factory Road | 1 | 6 |
| 20 | Prithibi Highway (Petrol Pump)- Paani Ghatta Road | 1 | 6 |
| 21 | Ga.Pa. Chowk- Yangkot Road | 1 | 6 |
| 22 | Jyamisara- Kotgau-Kapungkhola Road | 5 | 6 |
| 23 | Piple Tole- Kandel Ghat Road | 3 | 6 |
| 24 | Khatri Gaun- Petrol Pump (Highway) Road | 2 | 6 |
| 25 | Highway- Andheri Khola (Newa Guthi) Road | 0.5 | 6 |
| 26 | Benitar- Sirubari- Loprang Road | 4 | 6 |
| 27 | Aamdanda Besi- Khasrang Gaun Road | 9 | 6 |
| 28 | Saakhar- Gyangsing Road | 6 | 6 |
| 29 | Aamdanda Besi- Aamdanda Gaun Road | 9 | 6 |
| 30 | Hardi Khola- Duwa- Beldanda- Loprak Road | 10 | 6 |
| 31 | Bhange- Gyangsing Road | 5.5 | 6 |
| 32 | Baanspani - Kafaldanda- Loprang Road | 4 | 7 |
| 33 | Saakhar Road | 2 | 6 |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| 34 | Khaanibhitta- Bhangre Road | 6 | 6 |
| 35 | Benitar- Ghyangsing Road | 8 | 6 |
| 36 | Puljip- Aamdanda Khahare Khola Road | | 6 |
| 37 | Laabdi Ghumaune Road | 14 | 6 |
| 38 | Bhukundi -Baralung- Besi Road | 9 | 6 |
| 39 | Laabdi - Barge Road | 5 | 6 |
| 40 | Baanspani - Charapani Khola Road | 2.8 | 10 |
| 41 | Dandagaun- Kholagaun- Khasrang Road | 3 | 6 |
| 42 | Bhukundi -Kheusi Road | 4 | 6 |
| 43 | Baralung- Khaltepani Road | 4 | 6 |
| 44 | Lestarkhidi Road (Lestar- Thoteswara-Baralung Besi Road) | 5 | 6 |
| 45 | Majhuwa- Beldanda Road | 3 | 6 |
| 46 | Giranchaur- Hilekharka-Chhapswara Road (Buddhasingh Marga) | 7 | 15 |
| 47 | Markichowk- Dumrikharka- Hilekharka Road | 11 | 7 |
| 48 | Jhargaun- Jalbhangyang- Purlung-Gyajatar Road | 12 | 7 |
| 49 | Hilekharka- Kholi- Ghumaune Road | 15 | 7 |
| 50 | Ghaledanda- Chiurilbas- Ratanpur- Laabdi Road | 8 | 7 |
| 51 | Keurani- Sinarkhola-Kulmun Road | 5.5 | 6 |
| 52 | Jyamire- Kulmun- Kalmuteswara Road | 4.4 | 6 |
| 53 | Laabdi- Dihikhet Road | 5 | 6 |
| 54 | Purlung- Syaklukhola Road | 3 | 6 |

**निर्णय नं. ६ : प्रमाणित सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगत रहेका भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित वसोबासीहरुले लालपुर्जाको लागि माग गरेको तथा नाप नक्शा तैयार भएको जग्गा धार्मिक, पर्यटकीय तथा सार्वजनिक रुपमा आँबुखैरेनी गाउँपालिकालाई आवश्यक नभएको निर्णय गरियो ।

**निर्णय नं. ७ : मनोसामाजिक परामर्शदाता, रिटर्नी स्वयंसेवक जनशक्ति व्यवस्थापन सम्बन्धमा ।**

सुरक्षित आप्रवासन (SAMI) कार्यक्रमको चौंथो चरणको सुरुवात सँगै यस आँबुखैरेनी गाउँपालिकामा सामी कार्यक्रममा आ.व.०८२/८३ बाट बैदेशिक रोजगारको कार्यलाई सुरक्षित, मर्यादित, व्यवस्थित तथा विश्वसनीय वनाउने उदेश्यले सूचना तथा परामर्श, न्यायमा पहुँच सहित मनोसामाजिक परामर्श सेवा सामुदायिक सचेतीकरणका लागि १ जना मनोसामाजिक परामर्शदाता र २ जना रिटर्नी स्वयंसेवक व्यवस्थापन गर्नुपर्ने भएकोमा नयाँ कर्मचारी व्यवस्थापन गर्दा पालिकामा आर्थिक भार बढ्ने भएकोले खर्च नियन्त्रणका लागि आँबुखैरेनी अस्पतालमा कार्यरत कर्मचारीहरु मध्येबाट १ जनालाई मनोसामाजिक परामर्शदाता र सुरक्षित आप्रवासन (SAMI) कार्यक्रम (चौंथो चरण) सञ्चालन मार्गदर्शन २०८१ बमोजिम जनप्रतिनिधीहरुमध्येबाट २ जना रिटर्नी स्वयंसेवकको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८: दहत्तर बहत्तर चोरी निकासी नियन्त्रण सम्बन्धमा ।**

यस आँबुखैरेनी गाउँपालिका अर्न्तगतका नदीहरुमा नदीजन्य पदार्थ (दहत्तर/बहत्तर) को चोरी नियन्त्रणका लागि पालिकाको ठेक्का नलागेको समयसम्म यस क्षेत्रका बाटोहरु भएर अन्यत्रका दहत्तर/बहत्तर ओसारपोसार गर्न नदिने निर्णय गरियो ।

Scanned with CamScanner